नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## राष्ट्रिय किताबखाना (शिक्षक)

म्युजियम मार्ग, छाउनी, काठमाडौं ।

## शिक्षकको अवकाशपछिको सेवा सुविधा E-Pension कार्यान्वयन सम्वन्धमा ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८३।०१।२२ मा स्वीकृत "शिक्षकको सिटरोल दर्ता तथा अवकाशपछिको सेवा सुविधा E-Pension सम्बन्धी आधार र प्रक्रिया, २०८३" बमोजिम शिक्षकको अवकाशपछिको सेवा-सुविधा E-Pension कार्य प्रक्रियाका लागि आवश्यक Hardware र Software/Application व्यवस्थापन तथा विकास कार्य भइरहेको छ। सोको कार्यान्वयनका लागि राष्ट्रिय किताबखाना (शिक्षक) का कर्मचारी लगायत शिक्षा विकास तथा समन्वय इकाइका सम्बन्धित कर्मचारीहरूका लागि Software/ Application सञ्चालन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन पश्चात् मात्र कार्यान्वयन गर्नुपर्ने भएकोले आ.व. २०८३/०८४ को सुरुवातमा केही जिल्लाहरूमा परीक्षण कार्यान्वयन गरिने एवम् परीक्षण कार्यान्वयन पश्चात् सम्बन्धित कर्मचारीहरूको क्षमता विकास गर्दै चरणबद्ध रूपमा Software/Application अद्यावधिक गरी अन्य जिल्लाहरूमा समेत कार्यान्वयन गर्दै लगिने व्यहोरा सूचित गरिन्छ।

राष्ट्रिय किताबखाना (शिक्षक)
म्युजियम मार्ग, छाउनी, काठमाडौं ।